नेपाल सरकार

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

शिक्षा विभाग

# विद्यालय शिक्षा सम्बन्धी गतिविधि-२००

नेपाल सरकार

## शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

## विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण सम्बन्धमा सार्वजनिक आह्वान

**आदरणीय अभिभावक तथा सम्पूर्ण देशभक्त नागरिकहरू,**

नेपालको संविधानले प्रत्याभूत गरेको अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको अधिकार प्रचलनका निम्ति विद्यालय उमेर समूहका सम्पूर्ण बालबालिकाहरूलाई विद्यालयमा ल्याई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु सरकारको दायित्व हो । सरकारले आह्वान गरेको बेला राष्ट्रको सेवा गर्नु आमनागरिकको कर्तव्य पनि हो ।

सबै बालबालिकाहरूलाई विद्यालय शिक्षाको पहुँचभित्र ल्याउन तथा विद्यालयमा टिकाइ राख्न सरकारले अघि सारेको "एक बच्चाको भर्ना मेरो सामाजिक दायित्व, पहुँचको सुनिश्चितता र सिकाइमा स्थायित्व" भन्ने नारालाई आत्मसात गरी आफ्नो सामाजिक दायित्व अन्तर्गत विपन्न, गरीब, सीमान्तकृत, लोपोन्मुख लगायत शिक्षाको अवसरबाट बञ्चित विद्यालय जाने उमेरका बालबालिकामध्ये कम्तीमा एक जना बालक वा बालिका पहिचान गरी विद्यालयमा भर्ना गरिदिनु हुन र भर्ना भएका बालबालिकाको पठनपाठनको निरन्तरतालाई सुनिश्चित गर्न स्वेच्छिक योगदान गरिदिनु हुन नेपाल सरकारका मन्त्रीहरू, सम्पूर्ण राजनीतिक दलका पदाधिकारी, सङ्घ, प्रदेश र स्थानीय तहका निर्वाचित जनप्रतिनिधि, उद्योगी, व्यापारी, बुद्धिजीवि, नागरिकसमाज, सञ्चारकर्मी, रङ्गकर्मी, कलाकर्मी, प्राध्यापक, शिक्षाविद् पेसाकर्मी, राष्ट्रसेवक कर्मचारी, निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड युनियन, सरकारी एवम् गैरसरकारी सङ्घ/संस्था, शिक्षक महासङ्घ, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, प्रधानाध्यापक, शिक्षक, विद्यार्थी, अभिभावक लगायतका सम्पूर्ण देशभक्त एवम् शिक्षाप्रेमी नागरिकहरूमा नेपाल सरकार हार्दिक आह्वान गर्दछ ।

अन्तमा, अभियानको पूर्ण सफलताका निम्ति आफ्ना बालबालिकाहरूलाई अनिवार्यरूपमा विद्यालयमा भर्ना गराउन, उनीहरूलाई नियमित रूपमा पोषणयुक्त सन्तुलित भोजन तथा विद्यालय पठाउन र सिकाइका निम्ति अनुकूल वातावरण सिर्जना गरिदिनुहुन सम्पूर्ण अभिभावकहरूमा नेपाल सरकार अनुरोध गर्दछ ।

नववर्ष २०७५ हामी सबैको आपसी सद्भाव र सहकार्यबाट शैक्षिक उन्नयनको वर्ष बन्न सकोस् भन्ने शुभेच्छासहित सम्पूर्ण जनप्रतिनिधि, शिक्षक, विद्यार्थी, अभिभावक, राष्ट्रसेवक कर्मचारी, पत्रकार एवम् देश विदेशमा रहनुहुने शिक्षाप्रेमी नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा

**हार्दिक मङ्गलमय शुभकामना**

व्यक्त गर्दछौं ।

| बाबुराम पौडेल | खगराज बराल | गिरिराजमणी पोखरेल |
|---|---|---|
| महानिर्देशक एवम् शिक्षा विभाग परिवार | सचिव<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | मन्त्री<br>शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय |

> आफ्ना र छरछिमेकमा रहेका बालबालिकाहरूलाई पायक पर्ने विद्यालयमा आजै भर्ना गरौँ र गराऔँ ।
>
> \- शिक्षा विभाग

## प्रारम्भिक सूचीमा छनोट भएका विद्यार्थीहरूको घरधुरी सर्वेक्षण गरी पेस गर्ने बारे शिक्षा विकास तथा समन्वय इकाइहरूलाई अत्यन्त जरूरी सूचना

(भोजपुर, खोटाङ, सिराहा, सिन्धुली, रामेछाप, रौतहट, गोरखा, तनहुँ, बाग्लुङ, कपिलवस्तु, अर्घाखाँची, प्युठान, रोल्पा, रूकुम, बर्दिया, जाजरकोट, डोल्पा, जुम्ला, कालीकोट, मुगु, हुम्ला, बाजुरा, बझाङ, अछाम, कैलाली)

शिक्षा विभाग तथा विद्यार्थी वित्तिय सहयोग कोष विकास समिति मार्फत यस वर्ष विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम अन्तर्गत २५ जिल्लाहरूमा कक्षा ८ तथा कक्षा ११ मा अध्ययन गर्दै गरेका विद्यार्थीहरूको पि.एम.टी. फाराम सङ्कलन तथा कम्प्युटर प्रविष्टि गरी विद्यार्थीहरूको विपन्नताका आधारमा प्रारम्भिक छनोट सूची प्रकाशन गरिएको छ । छनोटमा परेका विद्यार्थीहरूको प्रारम्भिक सूची वेबसाइट **www.sfafdb.edu.np** मा राखिएको छ । घरधुरी सर्वेक्षण पश्चात् अन्तिम सूचीमा पर्ने विद्यार्थीहरूमध्ये कक्षा ८ मा छनोट हुनेले कक्षा ९ मा र कक्षा ११ मा छनोट हुनेले कक्षा ११ कै लागि छात्रवृत्ति पाउने व्यहोरा जानकारी गराइन्छ ।

**घरधुरी सर्वेक्षण गर्दा गराउँदा देहायअनुसार गर्नु गराउनु हुन अनुरोध छ :**

१ प्रारम्भिक छनोट सूचीमा छनोट भएका विद्यार्थीहरू मध्येबाट कक्षा ८ तथा ११ मा अध्ययनरत कम्तीमा १०/१० प्रतिशत विद्यार्थीहरूको घरधुरी सर्वेक्षण गर्नुपर्ने,

२. घरधुरी सर्वेक्षण गर्दा विद्यार्थीहरूको घर निरीक्षण गरी प्रत्येक विद्यार्थीको नाममा एउटा एउटा पि.एम.टी. फाराम भर्ने,

३. कक्षा ८ मा फाराम भरी प्रारम्भिक सूचीमा छनोट भएका सबै विद्यार्थीहरूलाई आफूलाई पायक पर्ने नजिकको राष्ट्रिय वाणिज्य बैङ्कमा खाता खोल्न लगाई त्यसको विवरणहरू Excel फर्मेटमा विद्यार्थीको नाम, गाउँ वा नगरपालिका, वडा नं., कक्षा ९ मा अध्ययन गर्न चाहेको सामुदायिक विद्यालयको नाम र ठेगाना सहितको विवरण तयार गरी एक प्रति सक्कल शिक्षा विकास तथा समन्वय इकाइ स्वयंले राखी सोको बोधार्थ कपी शिक्षा विभागको लैङ्गिक समविकास शाखा वा विद्यार्थी वित्तिय सहयोग कोष विकास समितिमा बुझाउने व्यवस्थाका लागि सम्बन्धित विद्यालयहरूलाई निर्देशन दिनुहुन अनुरोध छ । साथै कक्षा ११ मा फाराम भरी प्रारम्भिक सूचीमा परेका सबै विद्यार्थीहरूको लागि राष्ट्रिय वाणिज्य बैङ्कमा खाता खोल्न लगाई समितिले उपलब्ध गराएको अनुसूची ८ तथा ९ समेत बैङ्कमा बुझाउनुहुन अनुरोध छ ।

४. विपन्न लक्षित छात्रवृत्ति कार्यान्वयन कार्यविधि २०७४ अनुसार विद्यार्थीहरूले भरेको पि.एम.टी. फाराम स्रोतव्यक्ति मार्फत रूजु गराई विद्यालय निरीक्षकबाट समेत प्रमाणीकरण गराउनुपर्ने प्रावधान भएकाले फोकल पर्सन वा उहाँहरू मार्फत् नै घरधुरी सर्वेक्षण कार्य गराउनुहुन अनुरोध छ ।

५. उल्लिखित कार्यका लागि शिक्षा विकास तथा समन्वय इकाइहरूलाई एकमुष्ट फाराम वितरण सङ्कलन तथा घरधुरी सर्वेक्षण कार्यका लागि रू. २९,०००। (अक्षेरेपी उनन्तीस हजार रूपियाँ मात्र) शिक्षा विकास तथा समन्वय इकाइको खातामा उपलब्ध गराइएको छ । उक्त रकम फाराम वितरण, सङ्कलन तथा घरधुरी सर्वेक्षण कार्यमा नियमअनुसार खटिएको कर्मचारी तथा व्यवस्थापनमा खर्च गरी सम्बन्धित बिल भरपाई यथाशक्य छिटो यस समितिमा उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

६. घरधुरी सर्वेक्षण, प्रमाणिकरण तथा विद्यार्थीको खाता खोल्ने काम बैशाख १५ गतेभित्र सम्पन्न गरी विवरण पठाइदिने व्यवस्था हुन समेत अनुरोध छ ।

**पुनश्च:**

कतिपय जिल्लाबाट कक्षा ८ को फाराम प्राप्त भइनसकेकाले कक्षा ८ को प्रारम्भिक सूची प्रकाशन गर्न बाधा परेकाले सूचना प्राप्त भएको मितिले ७ दिनभित्र उक्त फारामहरू उपलब्ध गराइदिनु हुनसमेत अनुरोध छ ।

## विद्यार्थी भर्ना एवम् निःशुल्क पाठ्यपुस्तक वितरण सम्बन्धमा सम्पूर्ण सरोकारवालाहरूलाई शिक्षा विभागको अनुरोध

नेपालको संविधानले प्रत्याभूत गरे अनुरूप प्रत्येक बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य तथा निःशुल्क हुने गरी व्यवस्था गर्न, विद्यालय बाहिर रहेका प्रत्येक बालबालिकाहरूलाई विद्यालयमा ल्याउन, भर्ना भएकै दिनमा पूरा सेटमा पाठ्यपुस्तक उपलब्ध गराउन, बालमैत्री सिकाइ वातावरण बनाई विद्यालयमा बालबालिकाहरूलाई टिकाइ राख्न आगामी शैक्षिक सत्र, २०७५ का लागि बैशाख १ गतेबाट "**विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण अभियान**" कार्यक्रम सञ्चालन गरिँदैछ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट आगामी शैक्षिक सत्र २०७५ को आदर्श वाक्य "**हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा**" तय गरिएको छ ।

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७४।१२।२७ को निर्णयअनुसार विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण सम्बन्धमा सार्वजनिक आह्वानसमेत भइसकेको सन्दर्भमा समयमै आफ्ना र छरछिमेकमा रहेका बालबालिकाहरूलाई नजिकको विद्यालयमा भर्ना गर्न/गराउनु हुनका साथै भर्नाको समयमा नै पूरा सेटमा पाठ्यपुस्तक वितरणका लागि निम्नानुसार गर्नु गराउनु हुन समेत सम्पूर्ण सरोकारवालाहरूलाई अनुरोध गरिन्छ ।

१. **स्थानीय तहहरूले** कक्षा १ देखि १० सम्मको निःशुल्क पाठ्यपुस्तक बापतको रकम विद्यालयको खातामा निकासा गर्न बाँकी रहेको भए तुरून्त निकासा गर्नु भई भर्ना अभियान अवधिभित्रै पूरा सेटमा प्रत्येक विद्यार्थीहरूले पाठ्यपुस्तक पाए/नपाएको सुनिश्चितताका लागि अनुगमन तथा समन्वय हुन ।

२. कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने सम्पूर्ण बालबालिकाहरूको लागि **रङ्गीन पाठ्यपुस्तक**को व्यवस्था भएकोले अन्य पाठ्यपुस्तक खरिद नगर्नु/नगराउनु हुन ।

३. **क्षेत्रीय शिक्षा निर्देशनालयहरूले** आफू अन्तर्गतका जिल्लाहरूमा समयमै सबै बालबालिकाहरूले पाठ्यपुस्तक पाएको सुनिश्चितताको लागि समन्वय तथा अनुगमन गर्नु हुन र त्यसको विवरण यस विभागमा उपलब्ध गराउनु हुन ।

४. **शिक्षा विकास तथा समन्वय इकाइहरूले** जिल्लाभित्रका विद्यालयहरूमा भर्ना अभियान तथा समयमै पाठ्यपुस्तक पुऱ्याउने कार्यमा सहजीकरण गर्नु हुन र जिल्ला अनुगमन समितिका पदाधिकारीहरू सहित अनुगमन गरी गराइ सोको विवरण सम्बन्धित क्षेशिनि मार्फत यस विभागमा उपलब्ध गराउनु हुन ।

५. **पाठ्यपुस्तक मुद्रक तथा वितरकहरूले** तोकिएको बिक्री वितरण केन्द्रबाट माग भएअनुसारको पाठ्यपुस्तक समयमा नै पूरा सेटमा उपलब्ध गराउनु हुन ।

६. **सम्पूर्ण प्रधानाध्यापकहरूले** आफ्नो विद्यालयलाई आवश्यक पर्ने पाठ्यपुस्तक नजिकको बिक्री केन्द्रहरूबाट समयमा खरिद गरी भर्नाको समयमा नै पूरा सेटमा विद्यार्थीहरूलाई वितरण गर्नु हुन र कक्षा १ देखि ५ सम्म अध्ययन गर्ने सबै बालबालिकाहरूका लागि रङ्गीन र कक्षा ६ देखि १० सम्म अध्ययन गर्ने सबै बालबालिकाहरूलाई जनक शिक्षाबाट मुद्रित नयाँ पाठ्यपुस्तक खरिद गरी विद्यार्थीहरूलाई उपलब्ध गराउनु हुनका साथै नयाँ पाठ्यपुस्तक विद्यार्थीहरूलाई उपलब्ध नगराएमा र पाठ्यपुस्तक बापतको रकम अन्यत्र खर्च गरेमा नियमानुसार कारवाही हुने ।

७. **सम्पूर्ण अभिभावकहरूले** आफ्ना बालबालिकाहरूलाई भर्ना अभियान अवधिभित्रै नजिकको विद्यालयमा भर्ना गराउनु हुन र भर्ना गर्दा पूरा सेटमा पाठ्यपुस्तक नपाएमा सम्बन्धित स्थानीय तहमा सोको जानकारी गराइ पाठ्यपुस्तक प्राप्तिको सुनिश्चितता गर्नु हुन ।

८. पाठ्यपुस्तकको छपाइ स्पष्ट नभएमा, अक्षर नबुझिने भएमा, बाइन्डिङ नमिलेमा, मसी लतपतिएको भएमा सम्पूर्ण मुद्रक तथा विक्रेताहरूले त्यसको सट्टामा राम्रो पाठ्यपुस्तक उपलब्ध गराउनु पर्नेछ ।

९. कक्षा १ देखि १० सम्मका पाठ्यपुस्तकहरू सहजै प्राप्त नभएमा स्थानीय तह, शिक्षा विकास तथा समन्वय इकाइ, विद्यालय तथा सरोकारवाला सबैले पाठ्यपुस्तक प्राप्तिका लागि निम्न स्थानका व्यक्तिहरूलाई सम्पर्क गर्नु हुन ।

**क) कक्षा १-५ का पाठ्यपुस्तकका लागि (सबै रङ्गीन हुने)**

| क्र.सं. | स्थान | निजी मुद्रक तथा बिक्रेताका प्रतिनिधिको नाम | सम्पर्क नं. |
|---|---|---|---|
| १ | काठमाडौँ | श्री दिपक भण्डारी (संयोजक) | ९८५१०४२००३ |
| २ | काठमाडौँ | श्री शंकर खड्का | ९८५१०४५२४३ |
| ३ | काठमाडौँ | श्री रामहिरा पाठक | ९८५१०३२७२२ |
| ४ | विराटनगर | श्री लब घिमिरे | ९८५२०२१९२० |
| ५ | नेपालगञ्ज | श्री मेघराज बली | ९८५८०२१६९१ |
| ६ | धनगढी | श्री नरसिंह धामी | ९८४८७२०४२० |

**ख) कक्षा ६-१० का पाठ्यपुस्तकका लागि**

| क्र.सं. | जनक शिक्षाको क्षेत्रीय कार्यालयको नाम | प्रमुखको नाम | सम्पर्क नं. |
|---|---|---|---|
| १ | क्षेत्रीय कार्यालय, विराटनगर | श्री ज्ञाननाथ चिमौरिया | ९८५१११५०८७ |
| २ | सुपरिवेक्षण तथा अनुगमन कार्यालय, जनकपुर | श्री भैरवबाबु पन्त | ९८४१३९३५९६ |
| ३ | क्षेत्रीय कार्यालय, भरतपुर | श्री हरि माझी क्षेत्री | ९८४१४४६३७० |
| ४ | केन्द्रीय कार्यालय सानोठिमी (बजार व्यवस्थापन) | श्री दिलिप न्यौपाने | ९८५१०६५४३१ |
| ५ | क्षेत्रीय कार्यालय, पोखरा | श्री जयराम अर्याल | ९८४१३३६९२२ |
| ६ | प्रादेशिक कार्यालय, बुटवल | श्री धनबहादुर के.सी. | ९८५१०२२७१११ |
| ७ | क्षेत्रीय कार्यालय, नेपालगञ्ज | श्री रविन्द्र कुमार शर्मा | ९८४७०६१३१९ |
| ८ | क्षेत्रीय कार्यालय, धनगढी | श्री योगेन्द्र भट्ट | ९८४८४२४७१४ |

१० जिल्लामा पाठ्यपुस्तक बिक्री वितरणका लागि जनक शिक्षाका क्षेत्रीय कार्यालयहरूमा सूचीकृत भएका बिक्रेताहरूको नाम, ठेगाना मातहतका सबै प्रहरी इकाइहरूमा जानकारी गराउनु हुन भनी प्रहरी प्रधान कार्यालयमा अनुरोध गरिएको ।

११ विद्यार्थी भर्ना तथा पाठ्यपुस्तक वितरण प्रणालीलाई प्रभावकारी बनाउन यस अघि मिति २०७४/०९/१६, २०७४/१०/०१, २०७४/१०/१६, २०७४/११/०१, २०७४/१२/१ र २०७४/१२/१६ गतेको गोरखापत्रमा सूचना प्रकाशन गरिसकिएको ।

# "हामी सबैको इच्छा, अनिवार्य निःशुल्क आधारभूत शिक्षा"